नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन)
सिंहदरबार, काठमाडौं

प.सं. २.१./ज.प्र./०७८।०७९।
च.नं.

मितिः-२०७८।१०।२०

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

उपरोक्त सम्बन्धमा गुठी रैतानी तथा गुठी अधिनस्थ जग्गाको कुत र मालपोत दोहोरो संकलन भएको भनी गुठी संस्थानले गरेको पत्राचारको सम्बन्धमा लेखिदै छ । गुठी संस्थान ऐन, २०३३ को दफा २ को (ज) मा गुठी रैतानी नम्बरी जग्गाको र सोही दफाको (ट) मा गुठी अधिनस्थ जग्गाको परिभाषा रहेको छ भने सोही ऐनको दफा २८ मा गुठी जग्गामा लाग्ने कुत तिरो सम्बन्धमा र दफा ३२ मा गुठी रैतानी नम्बरी जग्गाको मालपोत लाग्ने विषयमा व्यवस्था रहेको छ। गुठी संस्थान ऐन, २०३३ बमोजिम गुठी जग्गाको कुत र मालपोत असुली गर्ने अधिकार गुठी संस्थानलाई रहेको देखिन्छ। गुठी अधिनस्थ जग्गा कमाउने मोहीले तोकिएको कुत तथा गुठी रैतानी नम्वरी जग्गा रैकर सरह हुने भएकोले तेस्ता जग्गाका जग्गाधनीले तोकिएको दरमा मालपोत गुठी कार्यालयमा र गुठी कार्यालय नभएका जिल्लाहरुमा सम्वन्धित मालपोत कार्यालयमा वुझाउनु पर्ने व्यवस्था रहेको छ। केही स्थानीय तहहरुवाट गुठी जग्गाको समेत मालपोत अशुल हुने गरेकोले दोहोरो मालपोत तिर्नु पर्ने अवस्था देखिएकोले गुठी संस्थान ऐन, २०३३ अन्तरगतका गुठी जग्गाको कुत तथा मालपोत स्थानीय तहवाट अशुल नगर्ने व्यवस्थाका लागि सवै स्थानीय तहरुमा परिपत्र गरी दिन गुठी संस्थान प्रधान कार्यालयको प.सं. भूमि/१०२/०७८/०७९ च.नं. ४५७ मिति २०७८।०८।१५ को पत्रबाट लेखी आएकोले सोही बमोजिम गर्ने गराउने गरी परिपत्र गरी दिने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

(खेमनारायण पौडेल)
शाखा अधिकृत

बोधार्थ
श्री गुठी संस्थान प्रधान कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७८/०७९
चलानी नं.:- ३०८

मितिः- २०७८/१०/२६

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तहहरु (सबै)।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ९८६ मिति २०७८/१०/२० को पत्र संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार हुन आदेशानुसार अनुरोध छ ।

.........
चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः- E-mail मार्फत जानकारी गराइदिनु हुन ।